नेपाल सरकार
राष्ट्रिय परीक्षाबोर्ड
शैक्षिक-सत्र २०८०/०८१ को परीक्षा सम्बन्धी वार्षिक कार्यतालिका

**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११/१२)**

**रजिष्ट्रेशन आवेदन फाराम वितरण :**

कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको लागि सम्बन्धित विद्यालयले बोर्डको website रहेको फाराम download गरी २०८० कात्तिक मसान्तभित्र रजिष्ट्रेशन आवेदन फाराम वितरण गर्ने ।

**रजिष्ट्रेशन आवेदन फाराम भर्ने :**

कक्षा ११ मा नयाँ भर्ना भएका विद्यार्थीहरूको रजिष्ट्रेशन आवेदन फाराम वापतको शुल्क सम्बन्धित विद्यालयले २०८० पौष १५ गतेसम्म बुझाउनु पर्ने र विद्यार्थीले रजिष्ट्रेशन फाराम समेत सोही मितिभित्र भरिसक्नु पर्ने (रजिष्ट्रेशन वापतको शुल्क जम्मा गरेको बैंक भौचर (Online Payment को रसिद) पौष १५ गतेभित्रको हुनुपर्ने) । विलम्ब शुल्कसहित रजिष्ट्रेशन आवेदन फाराम वापतको शुल्क बुझाउने अन्तिम म्याद २०८० पौष मसान्तसम्म हुने (विलम्ब शुल्कसहित रजिष्ट्रेशन वापतको शुल्क जम्मा गरेको भौचर (Online Payment को रसिद) पौष मसान्तसम्मको हुनुपर्ने) ।

**रजिष्ट्रेशन आवेदन फाराम बुझाउने :**

विद्यालयहरूले २०८० माघ १५ गते भित्र Online Entry समेत गरी बोर्डका सम्बन्धित कार्यालयमा रजिष्ट्रेशन आवेदन फाराम -Softcopy र Hardcopy दुवै) बुझाउनुपर्ने । (विद्यार्थीको रजिष्ट्रेशन भर्न छुट हुन गै कुनै समस्या भएमा सो समस्याको जवाफदेही स्वयम् विद्यालयहुनु पर्ने भएकोले कुनै कारणले पनि तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम भर्न छुटाउन नहुने व्यहोरा सबै विद्यालयहरुले जानकारी गर्नुहुन ।)

**रजिष्ट्रेशन प्रमाणपत्र वितरण**

२०८० फागुन १५ गते भित्र सम्बन्धित विद्यालयहरूलाई ट्रिप्लिकेटसहित रजिष्ट्रेशनको अर्धकट्टी वितरण गर्ने ।

**परीक्षा आवेदन फाराम वितरण**

कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको २०८० पौष १ गतेबाट सम्बन्धित विद्यालयहरूलाई परीक्षा आवेदन फाराम वितरण गर्ने ।

**परीक्षा आवेदन फाराम भर्ने/भराउने :**

२०८० पौष १६ गतेदेखि माघ १५ गतेभित्र सम्बन्धित विद्यालय र कक्षा १२ सञ्चालन गर्ने क्याम्पसहरूले कक्षा ११ का पुरानो ग्रेडवृद्धि परीक्षार्थी र कक्षा १२ को नियमित तथा ग्रेडवृद्धि परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भराउने । (परीक्षा आवेदन फाराम वापतको रकम २०८० माघ १५ गतेसम्म अनिवार्य रुपमा बैंकमा दाखिला गरिसकेको हुनुपर्ने तथा Online मार्फत शुल्क दाखिला गर्ने व्यवस्था भएमा सो समेत २०८० माघ १५ गतेभित्र दाखिला गरी Online Payment को रसिद Download गरी पेश गर्नुपर्ने छ ।)

**परीक्षा आवेदन फाराम भर्ने तथा बुझाउने (विलम्बशुल्क सहित) :**

२०८० माघ १६ गतेदेखि २०८० माघ मसान्तभित्र सम्बन्धित विद्यालय/क्याम्पसहरूले विलम्ब शुल्क (दोब्बर दस्तुर) सहितको परीक्षा आवेदन फाराम भराउने (बैंक भौचर २०८० माघ मसान्तसम्मको हुनुपर्ने) । विद्यालयहरूले २०८० फागुन १५ गतेसम्म Online Entry समेत गरी बोर्डका सम्बन्धित कार्यालयमा परीक्षा आवेदन फाराम (Softcopy र Hardcopy दुवै) बुझाउनुपर्ने ।

**परीक्षाको समय तालिका**

२०८१ साल वैशाख महिनामा सञ्चालन हुने कक्षा १२ का नियमित, आंशिक/ग्रेडवृद्धि एवंकक्षा ११ (पुरानो ग्रेडवृद्धि) परीक्षार्थीको वार्षिक परीक्षाको समय तालिका २०८० माघ मसान्तभित्र प्रकाशन गरिने ।

**परीक्षा केन्द्र निर्धारण**

२०८१ साल वैशाख महिनामा सञ्चालन हुने कक्षा १२ को वार्षिक तथा कक्षा ११ (आंशिक/ग्रेडवृद्धि) परीक्षाको परीक्षा केन्द्र २०८० फागुन मसान्तभित्र निर्धारण गरिने ।

**प्रवेशपत्र तथा ट्रिप्लिकेट वितरण :**

२०८० चैत मसान्तभित्र विद्यालयहरूलाई विद्यार्थीहरूको प्रवेशपत्र तथा ट्रिप्लिकेट वितरण गरिने ।

**प्रयोगात्मक परीक्षा/आन्तरिक मूल्याकंन**

बोर्डबाट वाह्य परीक्षक खटाइने विषयहरूको प्रयोगात्मक परीक्षाको समय तालिका सम्बन्धित विद्यालय/क्याम्पसहरूले तय गरी २०८० फागुन मसान्तभित्र बोर्डका सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने । लेटर ग्रेडिङ् निर्देशिका, २०७८ अनुसार विषयगत रुपमा आन्तरिक मूल्याकंनमा न्यूनतम सी ग्रेड प्राप्त नगरेका विद्यार्थीले बोर्डबाट सञ्चालन हुने वार्षिक परीक्षामा सहभागी हुन नपाउने व्यवस्था भएको हुँदा कक्षा १२ को प्रयोगात्मक/आन्तरिक मूल्याङ्कन २०८० चैत्र मसान्तभित्र सम्पन्न गरी/गराई परीक्षार्थीको नाम र रजिष्ट्रेशन नम्बर अनुसारको प्राप्ताङ्क २०८१ साल वैशाख १५ गतेभित्र Online Entry गरी बोर्डका सम्बन्धित कार्यालयहरुमा बुझाउनु पर्नेछ । कक्षा ११ को आंशिक/ग्रेड वृद्धि परीक्षार्थी (**रजिष्ट्रेशन नं. का शुरुका दुई अङ्क ७६ भएका**) को प्रयोगात्मक परीक्षा बाँकी भएको अवस्थामा समेत २०८१ वैशाख मसान्तभित्र अनिवार्य रूपमा प्रयोगात्मक परीक्षा सम्पन्न गरी २०८१ जेठ १५ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयहरूमा प्राप्ताङ्क बुझाउनु पर्नेछ । (प्रयोगात्मक/आन्तरिक मूल्यांकनमा न्यूनतम C ग्रेड प्राप्त नगर्ने विद्यार्थीहरुलाई वार्षिक परीक्षामा सहभागी नगराउनु हुन एवं यदि कुनै विद्यार्थीको प्रयोगात्मक/आन्तरिक अङ्क प्राप्त हुन नआएमा निज विद्यार्थीको वार्षिक परीक्षाको प्रवेशपत्र रोक्का गर्ने/गराउने व्यवस्था हुन समेत जानकारी गराईन्छ ।)

**परीक्षा सञ्चालन** :

**क) वार्षिक परीक्षा**

- कक्षा १२ को वार्षिक परीक्षा २०८१ वैशाख महिनाको दोस्रो हप्तादेखि सञ्चालन हुने ।
- कक्षा ११ को ग्रेडवृद्धि परीक्षा (रजिष्ट्रेशन नं.को शुरुको दुई अङ्क ७६ हुने परीक्षार्थी) २०८१ वैशाख महिनाको अन्तिम हप्तादेखि सञ्चालन हुने ।
- विद्यालयहरुले कक्षा ११ को वार्षिक परीक्षा २०८१ जेठ महिनाको पहिलो हप्तादेखि सञ्चालन गर्ने ।

**ख) ग्रेडवृद्धि (पूरक) परीक्षा**

- कक्षा १२ को वार्षिक परीक्षाको नतिजा प्रकाशन भएको मितिले ४५ दिनभित्र सञ्चालन हुने ।

**नतिजा प्रकाशन :**

**क) वार्षिक परीक्षा**

- कक्षा १२ को वार्षिक परीक्षाको नतिजा २०८१ साउन तेस्रो हप्ताभित्र प्रकाशन हुने ।
- कक्षा ११ को ग्रेडवृद्धि परीक्षाको नतिजा भाद्र महिनाको तेस्रो हप्ताभित्र प्रकाशन हुने ।

**ख) ग्रेडवृद्धि (पूरक) परीक्षा**

- कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षाको नतिजा परीक्षा सञ्चालन भएको मितिले ४५ दिनभित्र प्रकाशन हुने ।

**पुनर्योग :**

- पुनर्योगको लागि निवेदन दिने समय - नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र ।
- पुनर्योगको नतिजा प्रकाशन- नतिजा प्रकाशन भएको मितिले ४५ दिनभित्र (पहिलो चरणको नतिजा पूरक परीक्षा सञ्चालन हुनुभन्दा अगाडि) ।

**पूर्वावश्यक पाठ्यक्रम (Pre-Requisite Course) सम्बन्धी कार्यक्रम :**

**क) रजिष्ट्रेशन आवेदन फाराम भर्ने/बुझाउने :-** २०८० भदौ मसान्तभित्र

**ख) परीक्षा आवेदन फाराम भर्ने/बुझाउने :-** २०८० असोज १५ गतेभित्र

**ग) परीक्षा सञ्चालन :-** २०८० असोज चौथो हप्तादेखि ।

**घ) नतिजा प्रकाशन** :-२०८० कात्तिक तेस्रो हप्तासम्म।

**ङ) मौका परीक्षा सञ्चालन** :-पूर्वावश्यक परीक्षाको नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र ।

**च) मौका परीक्षाको नतिजा प्रकाशन** :-परीक्षा सञ्चालन भएको मितिले १५ दिनभित्र ।

***नोटः*** रजिष्ट्रेशन तथा आवेदन फाराम भर्नु भन्दा पहिले नै शुल्कमा कुनै थपघट वा सो सम्बन्धी निर्णयमा कुनै परिवर्तन भएमा सोहीअनुसार जानकारी गराइने छ ।